## हड़तालमा बसेका लामाहरूसित एसकेएम टोलीको भेट

**गान्तोक, १० जुलाई:** १७औं कर्मापा उगेन थिन्ले दोर्जीको सिक्किम आगमनको माग गर्दै क्रमिक भोक हड़तालमा बसेका लामाहरूसित भेट गर्न आज सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका प्रवक्ता एवं विधायक कुङ्गा निमा लेप्चा, कार्यवाहक अध्यक्ष एमपी सुब्बा अनि नवीन कार्कीको अगुवाईमा गएको टोलीले बीएल हाउसको निरीक्षण गऱ्यो। एसकेएम टोलीले १७औं कर्मापाको सिक्किम आगमनको मागमा लामाहरूले गरेको संघर्षको सराहना गर्दै उनीहरूको माग शीघ्र पूरा हुने शुभकामना दिए। सिक्किममा कर्मापाको आगमनका लागि क्रमिक भोक हड़ताल मार्फत लामाहरूले गरेको कठोर संघर्षले वर्ष दिन पूरा गरेको जसमा एसकेएम-ले यो मुद्दाको शीघ्र समाधान हुने कुरामा आफ्नो अड़ानलाई पुन: स्थिर बनाएको छ। सरकारले अब कुनै प्रकारको ढिलाई बिना नै १७औं कर्मापा उगेन थिन्ले दोर्जीलाई सिक्किम ल्याउने कुरामा गम्भीर हस्तक्षेप र सकारात्मक कार्यवाही गर्नुपर्ने राज्य सरकार समक्ष माग गरेको छ।

## राष्ट्रिय लोक अदालत सम्पन्न

**गान्तोक, १० जुलाई:** सिक्किम एसएलएसले धारा १३८ अन्तर्गत सम्झौतामा आउन योग्यका आपराधिक दोष ऐनका मुद्दाहरू, ब्याङ्क डकैती, एमएसीटी मुद्दाहरू, वैवाहिक विवाद, श्रम विवादका मुद्दाहरू, जमीन अधिग्रहण, बिजुली अनि पानीको बिल (सम्झौता आउन नसक्ने मुद्दालाई छोडेर), वेतन अनि भत्ता साथै अवकाश ग्रहण गरेपिका सहुलियत सम्बन्धी विवाद, राजस्व मुद्दा, अन्य नागरिक मुद्दाहरू आदि मुद्दाहरूसंग सम्बन्धित राष्ट्रिय लोक अदालत आयोजन गऱ्यो। उक्त लोक अदालतमा लिइएका ८९ मुद्दाहरूमा ५९ मुद्दाहरूलाई छिनोफानो गरिएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

## शहीदहरूलाई गोराकंद्वारा श्रद्धाञ्जलि

**दार्जीलिङ १० जुलाई:** सोनादा र दार्जीलिङमा भएको गोलीकाण्डमा प्राण गुमाएका गोर्खाल्याण्ड आन्दोलनकारीहरूप्रति गोर्खा राष्ट्रिय कंग्रेसले श्रद्धाञ्जली अर्पण गरेको छ। गोर्खा राष्ट्रिय कंग्रेसका कार्यकारी अध्यक्ष अशोक कुमार लेप्चाद्वारा जारी गरेको प्रेस विज्ञप्तिमा अघि लेखिएको छ, दु:खको घडीमा पीडित परिवारहरूलाई ईश्वरले सहन गर्ने शक्ति प्रदान गरून्। सन् १९८६-को गोर्खाल्याण्ड आन्दोलनमा १२ सय भन्दा धेर मानिसहरूले प्राण गुमाएका थिए। उनीहरूले पनि न्याय पाउनुपर्छ भन्ने गोराकंले माग गरेको छ। पुलिसले आत्मरक्षाको नाममा जताभावी गोली चलाउन पाउँदैन भन्ने बताउँदै लोकतन्त्रमा देशको नागरिकहरूले आफ्नो हक र अधिकारको मागहरू राख्न पाउँछ भन्ने प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

# रिले भोक हडतालको एक वर्ष पूरा

## जुलाईभित्र निर्णय लिनुपर्ने चेताउनी




**गान्तोक, १० जुलाई (हिस)।** १७ औं ग्यालवाङ कर्मापा उगेन थिन्ले दोर्जीलाई सिक्किम आउन अनुमति दिने माग गर्दै डेञ्जोङ ल्हादेको तत्वावधानमा शुरू गरिएको रिले भोक हडतालले आज सोमबार एक वर्ष पूरा गरेको छ। गत वर्ष १० जुलाईको दिन राजधानीमा एक विराट जुलूस आयोजन गरेपछि तिब्बत पथस्थित बीएल हाउसमा रिले भोक हडताल शुरू गरिएको हो। कर्मापा सिक्किम नआएसम्म रिले भोक हडताल जारी रहने बताइएको छ। भोक हडतालमा विभिन्न गुम्पाका लामाहरू पालैपालो बस्दै आएका छन्। आज लामाहरूले आफ्नो हात अनि निधारमा कालो पट्टी बाँधेर पनि प्रतिवाद जनाएका थिए। रिले भोक हडतालले एक वर्ष पूरा गरेको अवसरमा आज डेञ्जोङ ल्हादेका प्रतिनिधिहरूले पत्रकार सम्मेलन आयोजन गरेर आफ्नो भावी कार्यक्रमहरूमाथि प्रकाश पारे। डेञ्जोङ ल्हादेकाका समन्वयक छेवाङ लामाले यो जुलाई महिनाभित्र कर्मापालाई सिक्किम पठाउने अथवा नपठाउने भन्ने कुरा स्पष्ट गर्नुपर्छ भन्दै यसो गरेको खण्डमा अब लामाहरू त्यसै रिले भोक हडतालमा बसिरहने छैन भनी चेताउनी पनि दिए। कर्मापालाई सिक्किम आउन अनुमति दिने माग लिएर लामाहरूले राज्य अनि केन्द्र स्तरमा गर्नुपर्ने सबै काम गरिसकेको भए पनि कमार्पाले सिक्किम आउने अनुमति नपाएकोमा उनले दु:ख प्रकट गरे। कर्मापालाई सिक्किम ल्याउने सम्बन्धमा सिक्किम सरकारको पहलप्रति पनि असन्तोष व्यक्त गर्दै उनले हामीलाई सिक्किम सरकारद्वारा पनि केन्द्रमा सही ढंगले कुरा राख्ने काम भएको छ जस्तो लाग्दैन भने। कानूनी अडचनका कारण यदि कर्मापालाई रूम्तेकमा पठाउन सकिँदैन भने रूम्तेक बाहेक सिक्किमका अन्य कुनै पनि गुम्पामा पठाइदिने माग पनि आफुहरूले गर्दै आइरहेको उनले बताए। तर, राज्य सरकारले कर्मापालाई रूम्तेकमा पठाइदिने माग गर्दै आएको हुनाले सरकार यस मागप्रति गम्भीर छ भन्ने कुरामा आफुहरूलाई शंका लागेको उनले बताए। समन्वयक लामाले कतैबाट सुनवाई नभएपछि लामाहरूले आफ्नो धैर्य गुमाउँदै गइरहेका छन् भने अब कालो पट्टी बाँधेर काम भएन भने रातो पट्टी बाँध्ने छौ भने। उनले सिक्किममा बौद्ध धर्ममाथि संकट आइलागेको छ बताउँदै धर्म नै बिग्रेपछि देश पनि बिग्रेर जाने बताए। अर्कोतिर, सत्तारूढ पार्टीको भोटिया लेप्चा समुदायका विधायकहरूले आफुहरूलाई नराम्रो भन्ने गरेकोमा रोष व्यक्त गर्दै अबउप्रान्त आफुहरू विरूद्ध बयानबाजी गरेको खण्डमा घोर विरोध जनाउने चेताउनी दिए। एक प्रश्नको जवाफमा आफुहरूले कुनै भावी योजना नबनाएको, तर परिस्थिति अनुरूप काम गर्दै जाने उनले जानकारी दिए। अर्कोतिर, लामाहरूले १७ औं कर्मापा उगेन थिन्ले दोर्जी सम्बन्धी राज्य सरकारले पूर्व मुख्य सचिव के.एस राव मार्फत पठाएको रिपोर्टलाई सच्याएर पुन: फ्रेस-रिपोर्ट पठाउनुपर्ने बताएका छन्। उनीहरूले यदि राज्य सरकार कर्मापाको मुद्दाप्रति गम्भीर छ भने उक्त रिपोर्ट फिर्ता गर्न सक्नुपर्छ भन्दै उक्त रिपोर्टकै कारण कर्मापालाई सिक्किम आउन ठूलो वाधा भइरहेको दाबी गरेका छन्।

# रामायण अनि कविता पाठ प्रतियोगिता आयोजित

**सिङताम, १० जुलाई।** सिङताममा २०३ औं भानु जयन्ती आजदेखि आरम्भ भयो। आगामी १३ जुलाईको प्रमुख भानु जयन्ती कार्यक्रमलाई लक्ष्य गरि आज अन्तरविद्यालय अनि खुल्ला रामायाण अनि कविता पाठ प्रतियोगिताअन्तर्गत छनौट कार्यक्रम भयो। यस अवसरमा विधायक एंव यातायात विभागका अध्यक्ष गोपाल बराईली मुख्य अतिथिको रुपमा उपस्थित थिए भने विशिष्ट अतिथिको रुपमा साहित्यकार, निर्देशक चुनिलाल घिमिरेको उपस्थिति रहेको थियो, तथा आयोजक समितिका अध्यक्ष एंव मन्त्री सोमनाथ पौड्यालको पनि विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा चुनिलाल घिमिरे, वीणाश्री खरेल, दयाराम भट्टराई र भक्ति शर्माले निर्णायकको भार निभाएका थिए। सिङताम कम्युनिटी हलमा आयोजित सो कार्यक्रमको अन्तरविद्यालय रामायण पाठ प्रतियोगितामा सिङताम उच्चत्तर माध्यमिक पाठशाला (अंक-७१) प्रथम, सुमिन लिङ्चे स्कूल (अंक-७०) दोस्रो र ६९ अंक लिएर सिरवानी स्कूल तेस्रो स्थान ल्याउन सफल भयो भने खुल्ला रामायण प्रतियोगितामा कृष्ण ढुङ्गेल अनि साथीहरु (अंक-७६) प्रथम, खुशनारायण खतिवड़ा (अंक-७५) दोस्रो र रिता शर्मा (अंक-७४) तेस्रो भएका छन्। यसरी नै आजको अन्तरविद्यालय कविता पाठ प्रतियोगिताको छनौटमा लोवर साम्दुङ स्कूलका चेवन कोइराला प्रथम, सिङताम उच्चत्तर माध्यमिक पाठशालाका उमेश अधिकारी दोस्रो र सुमिन लिङ्जे स्कूलका प्रथम छेत्री एंव लिटल एन्जल्स स्कूल आदर्श गाउँका अर्जुन छेत्री तेस्रो भएका छन् भने खुल्ला कविता पाठ प्रतियोगितामा प्रह्लाद पौड्याल प्रथम, मञ्जु शर्मा एंव कृष्ण ढुङ्गेल दोस्रो अनि प्रभा तामाङ तेस्रो भएकी छन्।




कार्यक्रममा मुख्य अतिथि गोपाल बराईली, आयुशमान छेत्री, दिनेश दाहाल अनि अन्यान्यले पनि नेपाली गीतहरु गाएर कार्यक्रमको शोभा बढ़ाइएको थियो। मुख्य अतिथि गोपाल बराईलीले आफ्नो सम्बोधनमा आजको कार्यक्रममा रामायण र कविताको एक-एक पंक्तिहरुले आफ्नो मन-मस्तिष्कलाई छुएर भावुक बनाएको बताउँदै लेखनीमा मात्रै नभएर करनीमा पनि यस्ता कुराहरुलाई सार्थक बनाउनु पर्ने कुरामा जोड़ दिए। उनले पहिलोचोटि यस्ता भव्यताको साथमा आयोजित गरिएको रामायण अनि कविता पाठ प्रतियोगितामा मुख्य अतिथिको रुपमा आमन्त्रित गरेकोमा आयोजक समितिलाई आभार व्यक्त गर्दै अरु बेलाको भानु जयन्ती कार्यक्रममा निम्त्याउने पनि आयोजक समितिलाई आग्रह गरे। उनले आयोजक समितिका अध्यक्ष एंव मन्त्री सोमनाथ पौड्यालाई पनि यस्तो कार्यक्रम आयोजनको निम्ति बधाईसहित आभार व्यक्त गरे। उनले आफूबाट हुनसक्ने सहयोग दिइने भविष्यमा पनि दिइने वचन दिए। कार्यक्रमलाई विशिष्ट अतिथि एंव वरिष्ठ साहित्यकार चुनिलाल घिमिरेले गान्तोकमा भन्दा धेरै प्रतिभागीहरु सिङतामको रामायण अनि कविता पाठ प्रतियोगितामा देख्न पाइएको बताउँदै सिङतामले आयोजन गरेको भानु जयन्ती कार्यक्रम अति नै भव्य हुने गरेकोले यस्ता आयोजित कार्यक्रमहरुलाई समेटेर एक स्मारिका पुस्तक प्रकाशन गर्नु आवश्यक रहेको र यसको निम्ति ३० देखि ५० हजारसम्मको आर्थिक सहयोगदाताको व्यवस्था आफैले गरिदिने पनि घोषणा गरे। भाषाको अतिक्रमणकै कारणले आज दार्जीलिङ पहाड़मा वृहत गोर्खाल्याण्ड आन्दोलन शुरु भएको बताउँदै सबैले आफ्नो भाषा-साहित्य र संस्कृतिलाई सम्मान गर्नु र संरक्षण गर्नुपर्छ भने। उनले उत्कृष्ट प्रस्तुति दिनेहरुलाई आकाशवाणी गान्तोकमा प्रस्तुति गराउने अनि नयाँ आगमन हुन लागेको नयाँ टीभी च्यानलमा पनि उनीहरुलाई प्रस्तुतिको लागि अअवसर दिइने जानकारी गराए। उक्त कार्यक्रमलाई रामायणका ज्ञातक दयाराम भट्टराईले रामायण अनि श्लोकबारे महत्त्वपूर्ण जानकारीहरु गराए। उल्लेखनीय छ, आज रामायण अनि कविता पाठ प्रतियोगितामा छनौट भएकाहरुलाई १३ जुलाईको दिन आयोजित हुने भानु जयनतीको भव्य समारोहमा आ-आफ्नो प्रस्तुति दिन पाउने छन् तथा उनीहरुलाई आकर्षक पारितोषिक पनि प्रदान गरिने छ। भोलि मंगलबार अन्तरविद्यालय अनि खुल्ला नेपाली लोक नृत्य प्रतियोगिताको छनौट हुनेछ।

## एमजीनरेगामाथि सामाजिक लेखापरीक्षा एवं जन सुनुवाई

**गान्तोक, १० जुलाई:** आज तुमिन नामराङको नव ज्योति संघद्वारा सिङ्गिक-सेन्ताम ग्राम प्रशासनिक केन्द्रको कक्षमा मंगन ब्लक अन्तर्गत सिङ्गिक-सेन्ताम जीपीयूको एमजीनरेगामाथि सामाजिक लेखा परीक्षा एवं जन सुनुवाई सञ्चालन गरियो। यसलाई सामाजिक लेखा एकाई सिक्किमको मार्गनिर्देशनमा ग्रामीण प्रबन्धन एवं विकास विभागले सहयोग पुऱ्याएको थियो। यस जन सुनुवाईको अध्यक्षता जिल्ला पञ्चायत सदस्य सोङकित लेप्चाद्वारा गरिएको थियो जसमा एडीपीसी उत्तर, पीओ एवं बीडीओ, एपीओ, जोई (मंगन बीएसी), डीबी ट्रेडर्स (सप्लायर), ग्राम पञ्चायत, जीआरएस, पीडीए, पीपीए, सीडीपीओ चुङथाङ, भिजिलेन्स कमिटी अनि स्थानी जब कार्ड धारकहरूको उपस्थिति थियो।

यस अवसरमा वित्त वर्ष २०१४-१५, २०१५-१६ अनि २०१६-१७ (समाप्ति कार्य), २०१६-१७ (सञ्चालित कार्य)-को लेखा परीक्षा सञ्चालन गरियो। यस सामाजिक लेखा परीक्षामा कुल १६ वटा समाप्ति कार्य अनि पाँचवटा सञ्चालित कार्यको जाँच गरियो। समाप्ति कार्यको कुल आवण्टित राशि रू ४९८१११४.०० थियो भने यसमध्ये रू ४५०३५९०.००-को जाँच गरियो अनि सञ्चालित कार्यको राशि रू ३९०८७१०.०० थियो भने रू २०२९९४४.००-को जाँच गरियो। यस कार्यमा ६ वटा बक्स ड्रेन, ५ वटा गाईको गोठ, पाँचवटा सुँगुरको खोर, एक झोड़ा ट्रेनिङ, ३ सीसीएफपी, एउटा आगनवाड़ी सेन्टर अनि एउटा सिंचाई ट्याङ्की सामेल छन्।

जन सुनवाईको व्यवस्था डीआरआई उत्तर आरएल दुलाल, एसआरपी उत्तर सवन राई, डीआरपी उत्तर धनञ्जय दुलाल, तारा रेग्मी, नोर्मित लेप्चा अनि शिव लाल लुइँटेलले गरेका थिए। यस कार्यमा ग्राम पञ्चायत अनि ब्लक स्तरीय कार्यकर्ताहरूले पनि सहयोग पुऱ्याएका थिए।

## सिक्किमका फुटबलरको राज्यपालसँग भेट



**गान्तोक, १० जुलाई:** राज्यपाल श्रीनिवास पाटिलले आज राज भवनमा सिक्किमका पाँच प्रख्यात व्यवसायी फुटबल खेलाड़ीको एक समूहसित औपचारिक बैठक गरे। उक्त समूहमा भारतीय राष्ट्रिय टोलीका सदस्यहरू निर्मल छेत्री, सञ्जु प्रधान, विकास जैरू, रोबिन गुरूङ अनि निम छिरिङ लेप्चा सामेल थिए। उक्त अवसरमा राष्ट्रिय फुटबल क्षेत्रमा सिक्किमको प्रतिनिधित्व गरिरहेका खेलाड़ीहरूसित भेट भएकोमा राज्यपालले प्रशन्नता व्यक्त गर्दै उनीहरूको उपलब्धीका लागि बधाई दिए।

सिक्किममा पर्याप्त फुटबल प्रतिभाहरूको लुकेर बसेको तर उनीहरूको चिन्हारी र खोजीको आवश्यकता रहेको बताउँदै प्रतिभाहरूको खोजी गरी यस क्षेत्रमा अग्रसर गराउनु पर्ने आवश्यकता रहेको बताए। यो केवल सबै हितधारकहरू सहित व्यवसायिक क्लबहरू, फुटबल एसोसिएशन तथा खेल प्राधिकारणहरूको सामुहिक प्रयासले मात्र सम्भव हुनसक्ने उनले जनाए। उनले खेलाड़ीहरूलाई ख्यातिप्राप्त क्लबहरूमा व्यवसायीक फुटबलको भविष्य खोज अग्रसर गराउँदै यसो गरिए खेलाड़ीहरू आर्थिक रूपमा सबल बन्न सक्ने विचार व्यक्त गरे।

सिक्किम राज्यका विभिन्न स्थानमा रहेका खुल्ला फुटबल एकाडेमीहरूमा खोलाड़ीहरूको पहलको सराहना गर्दै राज्यपालले आय आर्जन गरिसकेपछि समाजलाई पुन: फर्केर योगदान दिन आह्वान गरे। उक्त अवसरमा खेलाड़ीहरूले सिक्किममा खेल कार्यक्रमहरूको विकास साथै सिक्किमको समग्र खेल कार्यक्रमको सुधारका लागि राज्यपालको निर्देशनको माग गर्दै केही सुझाउहरू पनि पेश गरे। राज्यपालले भविष्यमा हुने सम्भावित सबै प्रकारको सहयोग प्रदान गरिने आश्वासन दिँदै खेलाड़ीहरूलाई सिक्किमको फुटबल विकासका लागि प्रतिबद्ध रहने आह्वान गरे।














'हाम्रो प्रजाशक्ति'-का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ, तादोङबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113